नेपाल सकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७७/०७८

चलानी .नः १३८४

मिति २०७८/०३/२८

**विषय : आ.ब. २०७७/७८ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा ।**

श्री स्थानीय तह (गाउँपालिका, नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) सबै ।

भ्रष्ट्राचार निवारण ऐन, २०४९ को दफा ५० को उपदफा(१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा (१) , निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक निजामती कर्मचारी, नेपाल राजपत्र, खण्ड ६८, असार २०(अतिरिक्ताङ्क ११) भाग, ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम र यस आ.ब. मा सेवा निवृत भएका कर्मचारीले समेत आर्थिक बर्ष समाप्त भए पश्चात सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था भए बमोजिम देहायका सेवा समूहका कर्मचारीहरु/जनप्रतिनिधिहरुले देहाय बमोजिम सम्पत्ति विवरण बुझ्नु/बुझाउनु हुन नेपाल सरकार(सचिवस्तर) को मिति २०७८/०३/२७ को निर्णयानुसार अनुरोध छ ।

तपशिल

| सि.नं. | सम्पत्ति विवरण पेश गर्ने सेवा/समह | सम्पत्ति विवरण पेश गर्ने निकाय | सम्पत्ति विवरण पेश गर्नु पर्ने समय | कैफियत |
|---|---|---|---|---|
| १. | संघीय निजामती सेवा तथा समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु | राष्ट्रिय किताबखाना(निजामती) | आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र | |
| २. | लोक सेवा आयोगको विज्ञापनबाट परिपूर्ति भई स्थानीय तह (गाउँपालिका र नगरपालिका) हरुमा कार्यरत स्थानीय सेवाका कर्मचारीहरु | आर्थिक बर्ष समाप्त भएको मितिले सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता गरिसक्नुपर्ने । | सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता भएको सम्पत्ति विवरण सम्बन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । | |

शाखा अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३. | करार सेवामा कार्यरत कर्मचारीहरुको हकमा | सम्बन्धित स्थानीयहरुमा आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र बुझाउने र बुझ्ने स्थानीयतहहरुले राष्ट्रिय सतर्कता केन्द्र सिहदरवार काठमाण्डौंले तोकेको ढाँचा/ **Link** मा **Entry** गर्नु पर्ने । | सम्बन्धित स्थानीय तह | |
| ४. | जनप्रतिनिधिको हकमा | आर्थिक बर्ष समाप्त भएको मितिले सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता गरिसक्नुपर्ने । | सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता भएको सम्पत्ति विवरण सम्बन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । | |

तुलसी भट्टराई
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सातवटै प्रदेश ।

श्री श्री राष्ट्रिय किताबखाना, हरिहरभवन , ललितपुर ।

श्री सूचना तथा प्रविधि शाखाः वेवसाइटमा अपलोड गर्नुहुन ।